गुठी संस्थान
प्रधान कार्यालय
(भूमि व्यवस्था, अभिलेख शाखा)

४-२५७०२९
४-२४८६०३
४-२५३८५९
४-२५३९४१
फ्याक्स : ४-२५७३०६

त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या : ०७४/७५/३२९
चलानी नं. : ०६३१७४ -५ सं २३५३

मिति : २०७४/०३/२०

विषय : गुठी जग्गाको कुत मालपोत सम्बन्धमा ।

श्री मालपोत कार्यालय,
सल्यान ।

श्री मालपोत कार्यालय डोटीको प.सं. ०७३/७४ च.नं. २७५ मिति २०७३/७/१ को पत्रबाट लेखी आएको व्यहोरा पेश हुँदा गुठी संस्थान ऐन, २०३३ को दफा ३२ को उपदफा (१) मा "सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिम अनुसार नेपाल सरकारमा मालपोत बुझाए सरह गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउनेछ" भन्ने व्यवस्था छ । पुनरावेदक प्रतिवादी भोला साह तेली विरूद्ध गुठी संस्थान समेत भएको ०६६-CI-०४४५ को दर्ता बदर गरी जिरायत (गुठी तैनाथी) जग्गा कायम लगत कट्टा मुद्दामा" गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउने व्यवस्था रहेको भन्ने सम्मानित सर्वोच्च अदालतबाट कानूनी व्याख्या नजीर सिद्धान्त प्रतिपादन भई २०७२/१०/०५ मा फैसला भएको छ । गुठी संस्थान सञ्चालक समितिको मिति २०७३/०३/०७ को बैठकबाट गुठी रैतान नम्बरी जग्गाको मालपोत गुठीयारले नपाउने भन्ने निर्णय भईरहेको छ । उपरोक्त सबै व्यहोराबाट गुठी रैतान नम्बरी जग्गाको मालपोत गुठीयार, महन्त, पुजारी, पीर वा अन्य रकमी कामदारले लिन मिल्दैन । मालपोत कार्यालयले नै असुल गरी गुठी कोषमा जम्मा गर्ने गर्नु पर्छ ।

गुठी संस्थान ऐन, २०३३ को दफा १६ को उपदफा (२) बमोजिम गुठी सञ्चालन र बन्दोबस्त गर्ने जिम्मा पाएका गुठीयार, महन्त, पुजारी, पीर वा अन्य रकमी कामदारले त्यस्तो गुठीका जग्गामा कानून बमोजिम मोहीयानी हक प्राप्त व्यक्तिबाट कुतबाली भने लिन पाउने हुन्छ । त्यसरी कुतबाली लिने जग्गाको जग्गाधनीमा सम्बन्धित गुठीको नाम र मोही महलमा कानून बमोजिम मोहीयानी हक प्राप्त व्यक्तिको नाम जनाई लगत श्रेस्ता तयार गर्नु पर्छ ।

गुठीको नित्य र पर्वपूजा, जात्रा आदि चलाउने गुठीयार, पुजारी र गुठीको तोकिएको काम गरे वापत जोत भोग गर्ने रकमीले त्यस्तो जग्गामा मोहीयानी हक नपाउने भन्ने गुठी संस्थान ऐन, २०३३ को दफा २७ को प्रतिबन्धात्मक वाक्यांश खण्ड (क) मा हुँदा त्यस्तो जग्गा काम गरूञ्जेलसम्म जोती भोग गर्न सम्म पाउँछ । त्यस्तो खानी जग्गा धितो बन्धक दिन वा अन्य कुनै व्यहोराले हक छाडी दिन पाइदैन, हक छाडी दिएमा त्यस्तो लिखत स्वतः बदर भएको मानिनेछ भन्ने दफा ३०क मा व्यवस्था छ । यस्ता जग्गाको सोही बमोजिम जग्गाधनीमा सम्बन्धित गुठीको नाम मात्र लेखी दर्ता गरी श्रेस्ता अद्यावधिक गर्नु पर्छ ।

गुठी अधिनस्थ जग्गा (मोही लागेको गुठी जग्गा) धितो बन्धक दिंदा रोक्का राख्ने वा कुनै व्यहोराले हक छाडी दिंदा सिफारिस लिनु पर्छ । सो सिफारिस दिंदा र गुठी अधिनस्थ जग्गा र गुठी रैतान नम्बरी जग्गा खरिद गरिलिनेले दाखिल खारेज गर्न आउँदा सो सेवा वापत सेवा शुल्क दिनु पर्ने हुन्छ । त्यस्तो सेवा शुल्क मालपोत कार्यालयले नै असुल उपर गरी गुठी कोषमा जम्मा गर्ने ।

गुठी कोषमा जम्मा हुने मालपोत, सेवा शुल्कको ५% (पाँच प्रतिशत) लजिष्टिक सर्पोटको लागि मालपोत कार्यालयलाइ दिने भनी संस्थानले नीति लिएको हुँदा सो रकम निकाशा माग गर्नु भन्ने समेत मालपोत कार्यालयहरूलाई जानकारी गराउने भनी मिति २०७४/१/१५ मा निर्णय भएकोले निर्णयानुसार गर्न गराउन हुन अनुरोध गर्दछु ।

(जय प्रसाद रेग्मी)
उप-प्रशासक
उप प्रशासक

Email: guthi.sansthan@gmail.com
Website: www.guthisansthan.org.np

अत्यन्त जरूरी

यतो धर्म स्ततो जयः

गोप्य

गुठी संस्थान

प्रधान कार्यालय

(भूमि व्यवस्था तथा अभिलेख शाखा)

फोन नं. ४-२५७०२९, ४-२४८६०३, ४-२५३८५९, ४-२५३९४१

फ्याक्स : ४-२५७३०६

संख्या : भूमि ६ २६४

जानी नं. : ०६२।१।२

च.नं. २६६१

त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

मिति : २०७३।२।१२ गते

श्री भूमिसुधार तथा व्यवस्थापन विभाग
बबरमहल, काठमाडौं ।

८८००
२।१६

विषय : गुठी जग्गाको कुत मालपोत सम्बन्धमा ।

गुठी अधिनस्थ जग्गाको कुत र गुठी रैतान नम्बरी जग्गाको मालपोत गुठी कार्यालयहरू भएको जिल्लामा गुठी कार्यालयहरूबाटै र गुठी कार्यालय नभएको जिल्लामा मालपोत कार्यालयहरूबाट असुल तहसिल हुँदै आएको छ । यी रकम गुठीका प्रमुख आयस्रोत हुन् । यस्ता गुठी रकमबाटै संस्थानले गुठीका मठमन्दिर, देवस्थलको नित्य र पर्वपूजा, जात्रा सञ्चालन गर्ने गराउने कुरा तहाँ विदितै छ ।

कतिपय न.पा. र गा.वि.स.हरूले गुठी जग्गाको कुत तथा मालपोत समेत असुल गरेका छन् भन्ने जनगुनासो आएका छन् । यसरी गुठी जग्गाको कुत/मालपोतको रकम नपा/गाविसहरूबाट असुल गर्दाको अवस्थामा दाताहरूको इच्छा (धार्मिक, सामाजिक तथा परोपकारी कार्य गर्नका लागि गुठीलाई आफ्नो चल अचल सम्पत्ति सुम्पिएको) विपरीत हुने हुन्छ । गुठी जग्गाबाट आउनुपर्ने आयस्रोत प्राप्त नहुँदाको अवस्थामा धार्मिक कार्य सञ्चालन गर्न गराउन समस्या पर्छ ।

नेपालको संविधान २०७२ को धारा ११६ संघीय सञ्चित कोष तथा धारा २०४ प्रदेश सञ्चित कोष सम्बन्धी व्यवस्थामा गुठी रकम बाहेक नेपाल सरकार र प्रदेश सरकारलाई प्राप्त हुने, अन्य रकम मात्र सञ्चित कोषमा दाखिला हुने व्यवस्था छ । त्यस्तै गुठी संस्थान ऐन, २०३३ (संशोधन सहित) को दफा २९ मा "गुठी जग्गा कमाउने मोहीले संस्थानलाई कुत बुझाउनुपर्ने" र दफा ३५ (३) मा गुठी अधिनस्थ जग्गामा घर बनाउँदा तोकिएको दस्तुर बुझाउनुपर्ने भन्ने उल्लेख गरेको छ । दफा ३२ (१) मा "गुठी रैतान नम्बरी जग्गाका जग्गावालाले संस्थानमा मालपोत बुझाउनुपर्ने" भन्ने व्यवस्था गरेको छ । पुनरावेदक/प्रतिवादी भोला साह तेली विरूद्ध गुठी संस्थान समेत भएको ०६६-CI-०४४५ को दर्ता बदर गरी जिरायत (गुठी तैनाथी) जग्गा कायम लगत कट्टा मुद्दामा "गुठी रैतान नम्बरी जग्गाको जग्गावालाले संस्थानमा मालपोत बुझाउने अवस्था गुठी ऐन २०३३ को दफा ३२(१) मा रहेको" भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०७२।१०।५ मा कानुनको व्याख्या /नजिर प्रतिपादन भएको छ ।

संविधानतः गुठी रकम (देवश्व) राजश्वमा मिसाउन नहुने, गुठी संस्थान ऐनको उल्लेखित प्रावधान बमोजिम गुठी जग्गाको कुत, मालपोत गुठी संस्थानमा बुझाउनुपर्ने स्पष्ट रहेको र सम्मानित सर्वोच्च अदालतबाट समेत सोही बमोजिम कानुनको व्याख्या नजीर सिद्धान्त कायम भइरहेको हुँदाहुँदै पनि गुठी जग्गाको कुत/मालपोत रैकर जग्गा सरह नै स्थानीय निकायले बुझिलिँदा संविधान र कानुनको प्रतिकुल काम हुन्छ । तोकिएको धार्मिक, सांस्कृतिक कार्य सञ्चालनमा बाधा व्यवधान पुग्ने हुन्छ ।

अतः गुठी जग्गाहरूको कुत/मालपोत घर दस्तुर सम्बन्धित गुठी कार्यालय/मालपोत कार्यालयहरूबाट मात्र असुलउपर गर्ने व्यवस्था भई आएकोमा कहीं कतै गुठी जग्गाको कुत/मालपोत, गा.वि.स., न.पा.बाट असुल हुने गरे गराएको भए ती निकायबाट असुल भई आएका रसिदबाट दर्ता, हक हस्तान्तरण, नामसारी, दाखिला खारेज, सिफारिश, दृष्टिबन्धक लगायतका कार्य नगर्न नगराउन तहाँ विभाग मातहतका मालपोत कार्यालयहरूलाई परिपत्र भई गुठीको धार्मिक कार्यलाई निरन्तरता दिने कार्यमा उल्लेखनीय सहयोग हुनका लागि अनुरोध गर्दछु ।

प्रशासक
(नारायण चौधरी)
प्रशासक

९०५१
३।२।१६

guthi.sansthan@gmail.com

Website: www.guthisansthan.org.np

Email: guthi.sansthan@gmail.com

Website: www.guthisansthan.org.np

गुठी संस्थान
केन्द्रीय कार्यालय, त्रिपुरेश्वर, काठमाडौं
२०२१

धुषा महोत्तरी, सुनसरी, बारा, झापा जिल्लामा पर्ने नगरपालिका भित्रको गुठी रैतान नम्बरी
जग्गामा प्रति कठ्ठा मा.पो. दर

क वर्गको रु. १००।- ख वर्गको रु ९०।- ग वर्गको रु. ८०।-

घ) वर्गको रु. ७०।- ङ वर्गको रु. ६०।- च वर्गको रु. ५०।-

ङ) तराई तर्फको धुनषा, महोत्तरी, सुनसरी, बारा, झापा जिल्लामा पर्ने नगरपालिका भित्रको वर्ग
नखुलेको जग्गा प्रतिकठ्ठा रु. ८०।-

ग) तराई तर्फका अन्य नगरपालिकाहरुमा रहेको गुठी रैतान नम्बरी जग्गाको प्रति कठ्ठा मालपोत
दर

अबल रु. ४५।- दोयम रु. ३५।- सिम रु. २५।- चहार रु. २०।-

घ) तराई तर्फको अन्य गा.वि.स.हरुमा रहेको गुठी रैतान नम्बरी जग्गाको प्रति कठ्ठा मालपोत दर

अबल ३०।- दोयम रु. २५।- सिम रु. २०।- चहार रु. १५।-

ङ) अन्य पहाड तर्फका अन्य नगरपालिका तर्फ प्रति रोपनी खेत/पाखो

अबल रु. २००।- दोयम रु. १५०।- सिम रु. १००।- चहार रु. ८०।-

च) पहाड तर्फका गा.वि.स.हरु खेत जग्गामा प्रति रोपनी

अबल रु. ६४।- दोयम रु. ४८।- सिम रु. ३२।- चहार रु. २४।-

छ) पहाडतर्फका गा.वि.स.हरु पाखो जग्गामा प्रति रोपनी

अबल रु. ४८।- दोयम रु. ३२।- सिम रु. २४।- चहार रु. १६।-

५. क) उपरोक्तानुसार हुने सो वर्षको मालपोत माघ मसान्त भित्र बुझाउने जग्गावालालाई सो वर्षव
लाग्ने मालपोतको पाँच प्रतिशत छुट दिईनेछ। जुन वर्षको मालपोत हो, सो वर्षको जेठ मसान
भित्र बुझाउनु पर्नेछ। त्यसपछि पाँच प्रतिशत थप शुल्क लाग्नेछ।

ख) एक धुर वा एक आना भन्दा घटी जति सुकै जग्गा भए पनि न्यूनतम रु. १०।- लिने।

ग) नगरपालिकाको शहरी क्षेत्र भित्र नगरपालिकाले एकिकृत सम्पत्तीकर लागु भएव
नगरपालिकाहरुमा नगरपालिकाले तोकेको एकीकृत सम्पत्तीकर सरह लिने।

दर्ता नं. १२१९
०६६।१०।२०

यतो धर्म स्ततो जय :

गुठी संस्थान

केन्द्रीय कार्यालय
(भूमि व्यवस्था तथा अभिलेख उप-शाखा)

फोन नं. ४-४१८०६९, ४-४२००६३, ४-४२१८६२, ४-४२५७२२
फ्याक्स ४-४१९९७०

डिल्लीबजार, काठमाडौं, नेपाल
मिति:-२०६६।८।२९

पत्र संख्या :- ६ भुमि (३१५)
प्राप्त पत्र संख्या र मिति :- ०६६।०६६

विषय :- परिपत्र ।

च नं १४६४,

श्री मालपोत कार्यालय
सलयान ।

गुठी अधिनस्थ जग्गा गुठी रैतान नम्वरीमा परिणत भएको जग्गाको पुनः नापीमा वढ हुन गएमा सो वढ जग्गाको मूल्य लिने सम्वन्धमा गु.सं.शा.का.काठमाडौंको च.नं.३०२ मिति ०६५।५।४ को पत्रवाट लेखी आई गु.सं.सं.स.मा पेश हुँदा रैतान नम्वरी जग्गामा परिणत गरि दिएको जग्गा नयाँ नापी हुँदा क्षेत्रफल वढ भएकोमा सो वढ भएको क्षेत्रफलको मालपोत कार्यालयले राजिष्ट्रेशन प्रयोजनका लागि तोकेको न्यूनतमा मूल्याङ्कनको पचाँस प्रतिशतले हुने रकम लिई श्रेस्ता अध्यावधिक गरिदिने गरि गु.सं.सं.स.वाट भएको मिति २०६६।७।१५ को निर्णय कार्यान्वयन गर्न लेखि पठाउने भनि मिति ०६६।८।२५ मा निर्णय भएकोले निर्णयानुसार अनुरोध गर्दछु ।

२०।५।०६६
(कमला ढुङ्गेल)
सहायक-प्रशासक

सहायक प्रशासक

यतो धर्म स्ततो जयः

गुठी संस्थान

केन्द्रीय कार्यालय
(भूमि व्यवस्था तथा अभिलेख शाखा)

फोन नं. ४-४१८०६९
४-४२००६३
४-४२१८६२
४-४२५७२२
फ्याक्स ४-४१९९७०

डिल्लीबजार, काठमाडौं नेपाल

मिति:-२०६९।४।२६

पत्र संख्या
प्राप्त पत्र संख्या

विषय :- परिपत्र पठाएको बारे ।

मालपोत कार्यालय संस्थान
दर्ता नं. ३२९
मिति ०६९।५।२०, ।

गुठी संस्थान ऐन, २०३३ को दफा ३२(१) मा सरकारी रैकर जग्गाको जग्गावालाले जग्गाको किसिम अनुसार नेपाल सरकारमा मालपोत बुझाए बरह गुठी रैतान नम्बरी जग्गावालाले संस्थानमा मालपोत बुझाउने छ भन्ने व्यवस्था छ ।

रैकर जग्गाको मालपोत रकम मालपोत कार्यालयले असुल तहसिल गर्दै आइरहेकोमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम स्थानीय निकायले रैकर जग्गाको मालपोत/भूमिकर तोकी असुल गर्दै आईरहेको अवगत भएकै हुनुपर्छ । गुठी संस्थान ऐन, २०३३ को दफा ३२(१) बमोजिम मालपोत असुल गर्दा उपरोक्तानुसार स्थानीय निकायले तोकी असुल गरेको दरमा नै असुल गर्नु पर्ने हुँदा स्थानीय निकाय बुझी उनीहरुले तोकेको दरबाट नै असुल भै रहेको भए गुठी रैतान नम्बरी जग्गा अवस्थित ठाउँको स्थानीय निकायले मालपोत असुली गर्ने गरी तोकेको दर जानकारीमा लिई/बुझी सो दरबाट नै गुठी रैतान नम्बरी जग्गाको मालपोत/भूमिकर असुल गरी देवस्व रकम गुठी संस्थान कोषको खातामा जम्मा गर्ने व्यवस्था हुन अनुरोध गर्दछु ।

(हेमराज सुवेदी)
सह प्रशासक
सह-प्रशासक

यतो धर्म स्ततो जय :

गुठी संस्थान

केन्द्रीय कार्यालय

(.....शाखा)

फोन नं. ४-४१८०६९
४-४२००६३
४-४२१८६२
४-४२५७२२
फ्याक्स ४-४१९९७०

पत्र संख्या :- ०६४।०६४
प्राप्त पत्र संख्या र मिति :- ९२२३

डिल्लीबजार, काठमाडौं, नेपाल
मिति : २०६४।१०।१८

बिषय :- परिपत्र ।

श्री सबै मालपोत कार्यालयहरु ।

भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय, मस्याद
दर्ता नं. :- ९९३९
मिति :- ०६४।१०।२६

जनहित संरक्षण मन्च समेतले मन्त्री परिषद सचिवालय समेतलाई विपक्षी बनाई दायर गरेको सम्वत् २०५८ सालको रिट नं. ७७ मा सम्मानित सर्वोच्च अदालत, बिशेष इजलासबाट गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र दफा ३६ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) बमोजिम मिति ०६४ साल माघ १० गते देखि लागू हुने गरी अमान्य र बदर घोषित गरिदिएको छ । तसर्थ उक्त दफा २५ को उपदफा (२) को खण्ड (ग) बमोजिम गुठी तैनाथी जग्गा मध्ये ऐलानी बाँझो जग्गाको हकमा संस्थानले अवस्थानुसार तोकिएको शर्त राखी गुठी रैतान नम्बरी जग्गामा परिणत गरी दर्ता गरी दिने तथा दफा ३६ बमोजिम गुठी जग्गा कमाउने दर्तावाला मोहीले सो जग्गा गुठी रैतान नम्बरीमा परिणत गराउन पाउने व्यवस्था अमान्य र बदर घोषित भएको हुँदा ती कार्यहरु गर्न गराउन हुँदैन । त्यसै गरी सोही आदेशमा गुठी सट्टा पट्टा गर्ने सम्बन्धमा मालपोत विभागबाट मिति ०४५।६।३०मा भएको निर्णयका साथै भूमि सुधार तथा व्यवस्था मन्त्रालयबाट भएको मिति ०४९।८।२२ को निर्णय तथा ती निर्णय समेतका आधारमा भएका परिपत्र समेत बदर भएका हुँदा ती बमोजिमका कार्य पनि गर्नु गराउनु हुँदैन । गुठी संस्थान ऐन, २०३३ तथा गुठी संस्थान कार्य व्यवस्था विनियम २०४९ को अन्य व्यवस्था भने यथावत हुँदा उल्लिखित कार्य वाहेकका अरु कार्यहरु भने पूर्ववत रुप मै गर्नु गराउनु हुन समेत अनुरोध गरिन्छ ।

श्री गुठी फोर
उल्लेख भए अनुसार गर्ने गराउने
[illegible]

(हेमराज सुवेदी)
सह प्रशासक

सह-प्रशासक

श्री सर्वोच्च अदालत, विशेष इजलाश
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा

आदेश

सम्वत् २०५८ सालको रिट नं. ७७

विषय: उत्प्रेषण समेत ।

जनहित संरक्षण मञ्च र आफ्नो तर्फबाट समेत प्रकाशमणी शर्मा समेत ..... निवेदक

विरुद्ध

मन्त्रिपरिषद् सचिवालय समेत ..... विपक्षी

यसमा आज निर्णय सुनाउन पेश भएको प्रस्तुत रिट निवेदनमा मुलतः गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र दफा ३६ समेत नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ र १९ सँग बाझिएकोले अमान्य र बदर घोषित गरी पाउँ भन्ने समेतको माग गरिएको देखिन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १८ को उपधारा (१) ले "नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि र संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने अधिकार" प्रदान गरेको देखिन्छ भने ऐ. धारा १९ (२) ले "प्रत्येक धार्मिक सम्प्रदायलाई कानून बमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक" प्रदान गरेको देखिन्छ । मौलिक हक अन्तर्गत समाविष्ट उल्लिखित हकलाई वर्तमान नेपालको अन्तरिम संविधान २०६३ ले समेत क्रमशः धारा १७(३) र धारा २३(२) मा निरन्तरता दिएको देखिन्छ । यसरी एकातिर संस्कृतिको संरक्षण र सम्वर्द्धन तथा धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षणको संवैधानिक प्रत्याभूति रहेको देखिन्छ भने अर्कोतर्फ गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) मा रहेको गुठी तैनाथी जग्गामध्ये ऐलानी बाँझो जग्गाको हकमा संस्थानले अवस्था अनुसार "तोकिएको शर्त राखी गुठी रैतान नम्बरी जग्गामा परिणत गरी दर्ता गरी दिने" प्रावधान र ऐ. धारा ३६ मा रहेको "गुठी जग्गा कमाउने दर्तावाला मोहीले सो जग्गा आफ्नो नाउँमा गुठी रैतान नम्बरी जग्गामा परिणत गरी दर्ता गराउन चाहेमा निजले तोकिएको रकम तोकिए बमोजिम संस्थानमा बुझाएमा सो जग्गा संस्थानले निजको

गाममा गुठी रैतान नम्बरी जग्गामा दर्ता गरिदिनेछ" भन्ने प्रावधान रहेको देखिन्छ । त्यसैगरी गुठी सदापट्टा गर्ने सम्बन्धमा तत्कालिन श्री ५ को सरकार, भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट मिति २०४९।८।२२ मा निर्णय भै सो का आधारमा परिपत्र समेत भएको देखिन्छ ।

गुठी संस्थान ऐनका उल्लिखित प्रावधानहरुले परापूर्वकालदेखि विभिन्न उद्देश्य राखी दाताहरुबाट राखिएका गुठी जग्गाहरु विभिन्न प्रक्रियाबाट रैतान नम्बरीमा परिणत हुँदै जाने अवस्थाको सिर्जना भएको छ । जसबाट संस्कृतिको संरक्षण र सम्वर्द्धन तथा धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने संविधान प्रदत्त हकमा नै आघात पुग्न जाने अवस्था देखिएको छ । त्यस्तो अवस्था सिर्जना हुन नदिई संस्कृतिको संरक्षण र सम्वर्द्धन तथा धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षणको संवैधानिक हकको सुनिश्चितताका लागि गुठी संस्थान ऐन, २०३३ को दफा २५ को उपदफा (२) को खण्ड (ग) र ऐ. दफा ३६ नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (१) बमोजिम आजैका मितिदेखि लागू हुने गरी अमान्य र वदर घोषित गरिदिएको छ । साथै निवेदनमा उल्लिखित गुठी सदापट्टा गर्ने सम्बन्धमा मालपोत विभागबाट मिति २०४५।६।३० मा भएको निर्णयका साथै भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट भएको मिति २०४९।८।२२ को निर्णय तथा ती निर्णय समेतका आधारमा भएका परिपत्रहरु समेत उत्प्रेषणको आदेशद्वारा वदर हुने ठहर्छ ।

संविधानसँग बाझिएको कुनै ऐन अमान्य गर्नुपर्दा तत्कालीन नेपाल अधिराज्यको संविधान २०४७ को धारा ८८।१) र वर्तमान नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) बमोजिम ऐन लागू भएको मिति अर्थात् प्रारम्भ देखि नै वा अमान्य घोषित गरिएको मिति मध्ये जुनसुकै मितिबाट गर्न सक्ने असाधारण अधिकार यस अदालतलाई रहेको भएतापनि प्रारम्भ देखि नै अमान्य घोषित गर्दा आजको मिति भन्दा अगाडि भैसकेको काम कारवाहीलाई समेत प्रतिकूल असर पर्न जाने हुँदा आजको मिति भन्दा अगाडि भए गरेका काम कारवाही प्रभावित नहुने अर्थात् पश्चात्दर्शी असर नपर्ने गरी (prospective overruling) आजको मिति देखि ऐनका उल्लिखित दफा तथा तत्कालीन श्री ५ को सरकारका उल्लिखित आदेशहरु समेत अमान्य र वदर घोषित गरिदिएको छ ।

आदेशको पूर्णपाठ तयार गर्न समय लाग्ने र प्रस्तुत विषय सार्वजनिक सरोकारको हुँदा यो आदेशको प्रभाव समेतलाई दृष्टिगत गरी तत्काल यो छुट्टै आदेश जारी गरिदिएको छ । यसको जानकारी विपक्षीहरुलाई पठाईदिनु ।

न्यायाधीश

न्यायाधीश

न्यायाधीश

इतिसम्वत् २०६४ साल माघ १० गते रोज ५ शुभम .....।

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
भूमिसुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय, सल्यान

फोन: ०८८:५२०००२

पत्र संख्या :२०७२/०७३
च.नं.: ९८,

मिति:- २०७२।०५।०१

विषय : लगत तयार सम्बन्धमा ।

श्री गुठि संस्थान
प्रधान कार्यालय भूमिव्यवस्थापन अभिलेख शाखा
त्रिपुरेश्वर, काठमांडौ ।

0/८

प्रस्तुत विषयमा ताहाँको प.सं. भुमि १७७ २०७२।०७३ च.नं. ६२ मिति २०७२।०४।०१को पत्र प्राप्त भै व्यहोरा अवगत भयो । उक्त सम्बन्धमा यस सल्यान जिल्ला अन्तरगतबाट तपसिल बमोजिमका गुठि संस्थानका नाममा दर्ता श्रेष्ता कायम रही आएकोमा हाल यस कार्यालयमा रहेको मोठ रेकर्ड अनुसार तपसिलका गुठि कुन प्रकारका हुन कहि कतैबाट छुट्टाउन नसकिएको र उक्त गुठिको जग्गा तपसिल बमोजिम भएको व्यहोरा अनुरोध छ ।

१. श्री रुद्रेश्वर महादेव गुठि, खलंगा, सल्यान ।

यस कार्यालयमा रहेको मोठ रेकर्ड अनुसार खलंगा गा.वि.स वडा नं. १ र २ बाट नाप नक्शा भएको क्षेत्रफल ९६-१-२-३ मध्ये ८७-७-३-१ जग्गा विभिन्न ज.ध.को नाममा रैकरमा परिणत भै उक्त जग्गाको मालपोत यसै कार्यालयबाट लिई यस कार्यालय अन्तरगत गुठि संस्थानको नामको च.हि.३९ ने.बै.लि. सल्यानमा जम्मा गर्ने गरेको र ६-३-३-१ जग्गामा मोहि हक खरिद गरि विभिन्न मोहि भै मोहिले नै एकलौटि खाई जग्गाको आयस्ता उब्जनी बुझाउने नगरेको ।

२. श्री सिद्ध भगवन्त नाथ गुठि , छायाक्षेत्र, सल्यान ।

यस कार्यालयमा रहेको मोठ रेकर्ड अनुसार जम्मा क्षेत्रफल ९३१-०-०-३ भएको सो मध्ये ९०२-५-०-० क्षे.फ. विभिन्न व्यक्तिका नाममा नापिकै पालामा दर्ता श्रेष्ता भै ज.ध.को नामलेखि संकेतमा सिद्धभगवन्त नाथ गुठि उल्लेख भएको । क्षे.फ. २८-११-०-३ शिव मन्दिरका नाममा दर्ता श्रेष्ता कायम रहेको उल्लेखित ज.ध.को मालपोत रकम सम्बन्धित गा.वि.सबाट नै लिने गरेको ।

३. श्री पञ्चलि भैरवि गुठि, खलंगा , सल्यान ।

यस कार्यालयमा रहेको मोठ रेकर्ड अनुसार जम्मा क्षेत्रफल १२-४-२-३ भएको सो मध्ये ७-१०-३-३ जग्गा रैकरमा परिणत गरि विभिन्न ज.ध.का नाममा गई

मालपोत रकम यसै कार्यालयबाट लिई गुठि संस्थानको खातामा जम्मा गर्ने गरेको । क्षे.फ. ४-९-३-०को जग्गा मोहि भई मोहिले कमाई खाएको र आयस्ता उब्जनि केहि दिने नगरेको ।

४. लक्ष्मि नारायण गुठि, खलंगा , सल्यान ।

यस कार्यालयमा रहेको मोठ रेकर्ड अनुसार जम्मा क्षेत्रफल १४-१०-२-२ रहेको, उक्त जग्गामा मोहि नभएको, परापूर्वकाल देखि पुजाआजा गर्दै आएका पुजारिले आयस्ता खाने गरेको ।

५. लक्ष्मि नारायण भैरव गुठि, लेख, सल्यान ।

यस कार्यालयमा रहेको मोठ रेकर्ड अनुसार जम्मा क्षेत्रफल ७-५-३-३ भएको, मोहि भैरव प्रसाद उपाध्याय भै रैकर गरि पाउ भनि दिएको सक्कल निवेदन समेत च.न. १६१ मिति २०५८।०६।२९को पत्रबाट गुठि संस्थानमा पठाईएकोमा गुठि संस्थानको च.नं. १६५७ मिति २०६१।१२।२६ को पत्रले रैकर हुन नसक्ने भनि उल्लेख भै आएकोमा रैकरमा परिणत गर्दा जम्मा गरेको रकम फिर्ता गरि पाउ भनि दिएको सक्कल निवेदन च.नं. १०४९ मिति २०७०।०३।२३को पत्रबाट गुठि संस्थानमा पठाईएको ।

साथै यस सल्यान जिल्ला अन्तरगत विभिन्न गुठिका नाममा दर्ता श्रेष्ता कायम रहि रैकरमा परिमत भै बाकि रहन गएको गुठि जग्गाको विवरण तयार गरि पाना १(एक) यसै पत्रसाथ संलग्न राखि पठाईएको व्यहोरा सादर अनुरोध छ ।

06/12/18

06/12/18

(हेमराज शर्मा)
मालपोत अधिकृत

मालपोत अधिकृत

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि सुधार तथा व्यवस्थापन विभाग
मालपोत कार्यालय

मालपोत कार्यालय, सल्यान

गुठि जग्गाको विवरण

सि.न	गुठिको नाम	गुठिको प्रकार	गा.वि.स.	क्षेत्रफल	रैकर भएको जग्गाको क्षे.फ.	रैकर हुन बाकि जग्गाको क्षे.फ.	कैफियत
१.	श्री रुद्रेश्वर महादेव गुठि	×	खलंगा	९६-१-२-३	८७-७-३-१	८-९-३-२	रैकर हुन बाँकि ८-९-३-२ जग्गा मध्य ६-३-३-१को जग्गा मा मोहि हक खरिद गरि विभिन्न मोहि भएको ।
२.	श्री सिद्ध भगवन्त नाथ गुठि	×	छायाक्षेत्र	९३१-०-०-३	९०२-५-०-०	×	९३१-०-०-३ मध्ये २८-११-०-३ जग्गा शिव मन्दिरको नाममा दर्ता श्रेष्ता कायम भै ९०२-५-०-० जग्गा विभिन्न व्यक्तिहरुका नाममा दर्ता कायम रहि ज.ध.महलको सिरमा सिद्ध भगवन्त नाथ गुठि उल्लेख भएको ।
३.	पञ्चलि भैरवि गुठि	×	खलंगा	१२-४-२-३	७-१०-३-३	४-९-३-०	क्ष.फ. १२-४-२-३मा मोहि भएको ।
४.	लक्ष्मि नारायण गुठि	×	खलंगा	१४-१०-२-२		१४-१०-२-२	मोहि उल्लेख नभएको, परापूर्वकाल देखि पुजाआजा गर्दै आएका पुजारिले आयस्ता खाने गरेको
५.	लक्ष्मि नारायण भैरव गुठि	×	लेख	७-५-३-३		७-५-३-३	मोहि भैरव प्रसाद उपाध्याय भै रैकर गरि पाउ भनि २०५८।०६।२९मा गुठि संस्थानमा पठाईएकोमा गुठि संस्थानको च.नं. १६५७ मिति २०६१।१२।२६ कोपत्रले रैकर हुन नसक्ने भनि उल्लेख भै आएकोमा रैकरमा परिणत गर्दा जम्मा गरेको रकम फिर्ता गरि पाउ भनि च.नं. १०४९ मिति २०७०।०३।२३को पत्र गुठि संस्थानमा पठाईएको ।

०६२।५।१

०६२।५।१
मालपोत जाधकृत